२०८०/११/८
वै सं ६६

<u>निर्णयहरु:</u>

१. मिति २०७८ चैत्र १० गतेको ४६ औं सचिव वैठकबाट "सम्वत २०७९ वैशाख १ गते देखि प्रदेशस्थित सबै मन्त्रालय, सचिवालय, आयोग र तत् निकाय मातहतका जिल्लास्थित सबै कार्यालयमा अनिवार्य रुपमा विद्युत्तीय हाजिरी प्रणालीको सुरुवात गरी कार्यान्वयन गर्ने" भनी निर्णय भएको सन्दर्भमा जिल्ला तहमा समेत उक्त निर्णयको शीघ्र कार्यान्वयन गर्ने। मातहतका निकायको सम्पुर्ण हाजिरी विवरण मन्त्रालयमा रहने गरी Integrated Electronic Attendance प्रणाली सुरुवातका लागि आवश्यक कारवाही अगाडि बढाउने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८०/१०/२९, च.नं. ३८०४ को पत्रानुसार सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय समन्वय परिषद्को दोश्रो वैठकमा पेश भएको तीन तहको अनुदान सम्बन्धमा गठित सिफारिस समितिको प्रतिवेदन र राष्ट्रिय तथ्यांकको एकीकृत अभिलेख प्रणाली सिफारिस समितिको प्रतिवेदन उपर राय सुझाव माग गरिएको र सो सम्बन्धमा यस कार्यालयको च.नं. १०३१, मिति २०८०/११/३ बाट पत्राचार भएकोमा उक्त विषयवस्तु उपर सम्बन्धित मन्त्रालय/निकायले ५ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त हुने गरी राय सुझाव उपलब्ध गराउने ।

३. सुदूरपश्चिम प्रदेश अनुगमन तथा मूल्यांकन निर्देशिका, २०८० को दफा १३ बमोजिम प्रमुख सचिवज्यूको संयोजकत्वमा गठित समितिको निर्णयबाट विषयक्षेत्रगत रुपमा गठन भएका विभिन्न अनुगमन समितिहरुले जिल्लास्तरमा अनुगमन मूल्यांकन सम्बन्धी कार्य गरी तयार पार्ने प्रतिवेदन दफा १३ बमोजिमको समिति र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत उपलब्ध गराउने ।